NEPALI NATIONAL NEWS

19:25hrs 03.06.2026

प्रमुख समाचार...............

1. केन्द्रीय मन्त्रिमंडल भारतीय एयरलाइन्सहरुलाई उनीहरूको घरेलु र अन्तर्राष्ट्रिय सञ्चालनमा सहयोग गर्न दस हजार करोड रुपियाँको 'एटीएफ प्राइस स्टेबलाइजेशन फंड' लाई अनुमोदन गरेको छ।

2. कर्नाटक कांग्रेस विधायक दलका नेता डी. के. शिवकुमारले आज राज्यको 25 औं मुख्यमन्त्रीको रूपमा शपथ लिनुभयो।

3. आज बिहान दिल्लीको मालवीय नगरमा रहेको एक होटलमा आगलागी हुँदा 21 जनाको मृत्यु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी, राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन, केन्द्रीय गृहमन्त्री अमित शाह र दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले दुखद घटनामा ज्यान गुमाउनेप्रति समवेदना व्यक्त गर्नुभएकोछ ।

4. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा एकीकृत जनजातीय विकास एजेन्सीहरू र एकीकृत जनजातीय विकास परियोजनाहरुलाई राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुभयो। र

5. इंडोनेशिया ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकल स्पर्धामा आयुष शेट्टी प्रिक्वाटरफाइनलमा पुगेका छन् भने मिक्सड डबल्स स्पर्धामा भारतीय जोडी रोहन कपूर र रुत्विका शिवानी गद्दे ले पनि प्रिक्वाटरफाइनलमा स्थान बनाएका छन् ।

मंत्रिमंडल निर्णय

केन्द्रीय मंत्रिमंडलले भारतीय एयरलाइन्सहरूलाई उनीहरूको घरेलु र अन्तर्राष्ट्रिय सञ्चालनमा सहयोग गर्न दस हजार करोड रुपियाँको 'एटीएफ प्राइस स्टेबलाइजेशन फंड' लाई अनुमोदन गरेको छ। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यो एक आत्मनिर्भर कोष हो जसले नियमित भारतीय एयरलाइन्सहरुको लागि उड्डयन टर्बाइन इन्धन (एटीएफ) मूल्यहरू स्थिर गर्न मद्दत गर्नेछ। उहाँले थप भन्नुभयो, यो निर्णयले उड्डयन क्षेत्रमा 77 लाख रोजगार सुरक्षित गर्नेछ। मंत्रिमंडलले दिल्ली-राष्ट्रिय राजधानी क्षेत्रमा पुराना ट्रक र बसहरू प्रतिस्थापन गर्न राष्ट्रिय राजधानी क्षेत्र योजना बोर्डलाई

सहयोग प्रदान गर्ने योजनालाई पनि अनुमोदन गरेको छ। यो योजना/साझेदार राज्यहरू र दिल्ली, हरियाणा, राजस्थान र उत्तर प्रदेशका केन्द्र शासित प्रदेशहरूसँगको सहकार्यमा लागू गरिनेछ। श्री वैष्णवले भन्नुभयो, यस ऐतिहासिक दुई वर्षे योजनाको उद्देश्य /दिल्ली-राष्ट्रिय राजधानी क्षेत्रमा वायु वायु प्रदूषण कम गर्नु र स्वच्छ परिवहनलाई प्रवर्धन गर्नु हो। केन्द्रीय मंत्रिमंडलले रामेश्वरनदेखि पारादीपसम्म 163 किलोमिटरभन्दा बढी फैलिएको नयाँ तटीय राजमार्ग निर्माणलाई पनि अनुमोदन गरेको छ। श्री वैष्णवले जानकारी दिनुभयो, यस परियोजनाको कुल लागत 830 करोड रुपियाँ भन्दा बढी हुनेछ ।

आर्थिक मामिला सम्बन्धी मन्त्रीमंडल समितिले तीन हजार ९३६ करोड रूपैयाँभन्दा बढीको लागतमा बिहारको एनएच- ३१ र एन एच -२३१ को खगरिया- पूर्णिया खण्डलाई चार लेनमा स्तरोन्नति गर्न पनि अनुमोदन गरेको छ।

## कर्नाटकका मुख्यमन्त्रीले शपथ लिए

कर्नाटक काँग्रेस विधायक नेता डी. के शिवकुमारले आज राज्यको २५ औं मुख्यमन्त्रीको रूपमा शपथ लिनुभयो। राज्यपाल थावरचन्द गहलोतले उहाँलाई बेंगलुरूमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। पूर्व गृहमन्त्री डा. जी. परमेश्वरले उपमुख्यमन्त्रीको रूपमा शपथ लिनुभयो भने उहाँसँगै १२ जना विधायकले पनि मन्त्री पदको शपथ लिए।

प्रधानमन्त्री नरेन्द्र मोदीले शिवकुमारलाई बधाई दिनु भएको छ।

## नयाँ दिल्ली आगलागी- मालवीय नगर

आज बिहान दिल्लीको मालवीय नगरमा रहेको एक होटलमा आगलागी हुँदा २१ जनाको मृत्यु भएको छ। दक्षिण दिल्लीका डीसीपी अनन्त मित्तलले आठ दमकलको सहयोगमा आगलागी सफलतापूर्वक निभाइएको बताए।

प्रधानमन्त्री नरेन्द्र मोदीले आगलागीको घटनामा भएको ज्यान गुमाउनेप्रति दुःख व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले अधिकारीहरूले प्रभावितहरूलाई सबै सम्भव मद्दत प्रदान गरिरहेको बताउनु भएको छ। उहाँले प्रत्येक मृतकका आफन्तलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई – दुई लाख रूपैयाको अनुग्रह रकम प्रदान गर्ने घोषणा गर्नुभयो भने घाइतेहरूलाई ५०-५० हजार रूपियाँ दिइनेछ । राष्ट्रपति द्रौपदी मुर्मु उपराष्ट्रपति

सीपी राधाकृष्णन र केन्द्रीय गृहमन्त्री अमित शाहले पनि दुखद आगलागी घटनामा ज्यान गुमाउनेप्रति समवेदना व्यक्त गर्नुभएकोछ।

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आगलागी घटनामा ज्यान गुमाउनेप्रति शोक व्यक्त गरेकी छिन्।

## पश्चिम बंगाल - अन्नपूर्णा योजना

पश्चिम बंगालको सामाजिक सुरक्षा योजना-अन्नपूर्णा योजना, आज औपचारिक रूपमा शुभारंभ गरिएको छ। राज्यकी शहरी विकास, महिला तथा बाल विकास, तथा समाज कल्याण मन्त्री अग्निमित्रा पॉलले नबन्नामा यसको उद्घाटन गर्नुभयो। यस अवसरमा मुख्यमन्त्री शुभेन्दु अधिकारी पनि उपस्थित थिए।

पहिलो चरणमा, लाभार्थीहरूले आजदेखि आफ्नो बैंक खातामा तीन हजार रुपियाँ प्राप्त गर्न थाल्नेछन्। यस योजनाबाट लगभग २ करोड मानिसहरू लाभान्वित हुने अनुमान गरिएको छ। 25 देखि 60 वर्ष उमेरकी महिलाहरू योजनाको लागि योग्य छन्।

## पश्चिम बंगाल-तृणमूल कांग्रेस

पश्चिम बंगालमा तृणमूल कांग्रेस भित्रको अशान्तिको बीचमा राजनीतिक घटनाक्रम तीव्र भएको छ । निष्कासित तृणमूल कांग्रेसका विधायक ऋतब्रत बनर्जीले 58 विधायकहरूको समर्थन दाबी गर्दै राज्य विधानसभामा विपक्षी नेताको पद दाबी गरेका छन् ।

यसैबीच, कोलकातामा एक ऱ्यालीलाई सम्बोधन गर्दै पूर्व मुख्यमन्त्री ममता बनर्जीले भाजपामाथि विभाजनको षड्यन्त्र रचेको आरोप लगाइन्।

## राष्ट्रपति - जनजातीय सम्मेलन

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा एकीकृत जनजातीय विकास एजेन्सीहरू र परियोजनाहरूलाई सुदृढीकरण गर्ने राष्ट्रिय सम्मेलनको उद्घाटन एकीकृत जनजातीय विकास गर्नुभयो। यस अवसरमा बोल्दै राष्ट्रपतिले देशभरका जनजातीय समुदायहरू सांस्कृतिक रूपमा

समृद्ध रहेको र तिनीहरूलाई अगाडि बढाउन प्रयास गरिनुपर्ने बताउनुभयो । राष्ट्रपति मुर्मुले केही जनजातीय समुदायहरू अझै पनि विभिन्न सरकारी योजनाहरूबाट अनभिज्ञ रहेकोमा चिन्ता व्यक्त गर्नुभयो । यो कार्यक्रम जनजातीय सम्मान महोत्सव 2026 अन्तर्गत आयोजना गरिएको हो। सम्मेलनमा 26 राज्य र ४ केन्द्र शासित प्रदेशका प्रतिनिधिहर सहभागी हुन् ।

प्रधानमन्त्री - नेपाल

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नेपालको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रबी लामिछानेलाई भेट्नुभयो । सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले भारतको छिमेकी पहिले नीति अन्तर्गत नेपाल एक प्रमुख साझेदार भएको बताउनुभयो।

भारत-जर्मनी ट्रान्जिट भिसा

जर्मनीबाट हवाई मार्ग भएर यात्रा गर्ने भारतीय नागरिकहरूको लागि ट्रान्जिट भिसाको अनिवार्यता आज देखि समाप्त भएको छ। भारतले यस निर्णयको स्वागत गरेको छ। विदेश मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा भनेको छ, नयाँ व्यवस्थाले भारत र जर्मनीको बीचको गर्नेछ । जनता-जनता माझको सम्बन्धलाई प्रगाढ़ गर्नेछ।

विश्व साइकल दिवस

आज विश्व साइकल दिवस हो। हरेक वर्ष 3 जूनका दिन मनाइने यो विशेष दिनले साइकल चलाउनलाई सरल, किफायती, भरपर्दो र पर्यावरण अनुकूल स्थायी परिवहन साधनको रूपमा मान्यता दिने लक्ष्य राखेको छ।

मांडविया - विश्व चक्र दिवस

युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मांडवियाले युवाहरूलाई साइकल चलाउन र स्वस्थ, तन्दुरुस्त र हरित राष्ट्र निर्माणमा अग्रणी भूमिका खेल्न आग्रह गर्नु भएको छ। एक भिडियो सन्देश साझा गर्दै उहाँले साइकल चलाउन नियमित बानी बनाउनाले सन्तुलित र अनुशासित जीवनशैलीलाई बढावा दिने भन्नुभएको छ ।

इंडोनेशिया ओपन

इंडोनेशिया ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरूष एकल स्पर्धामा आयुष शेट्टी प्रिक्वाटरफाइनलमा पुगेका छन्। आयुषले आज चीनका वेङ होङयाङलाई प्राजित गरे। मिक्सड डबल्स स्पर्धामा भारतीय जोडी रोहन कपूर र रूत्विका शिवानी गद्दे ले पनि प्रिक्वाटरफाइनलमा स्थान बनाए। भारतीय जोडीले चाइनिज ताइपेईका हु लिंग –फाङ र याङ पो- ह्सुआनलाई पराजित गरे।